# सुरुङ्गा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी,सप्तरी
मधेश प्रदेश, नेपाल

### नदीजन्य पदार्थ संकलन तथा बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति:-२०८३/०४/०६)

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा भएको व्यवस्था तथा सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ को ३ बमोजिम तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट यस नगरपालिकाबाट अद्यावधिक स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तथा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्न यस नगरपालिकाको मिति २०८३/०३/३१ गतेको निर्णयानुसार ईच्छुक निर्माण सम्बन्धी काम गर्ने फर्म वा कम्पनीहरुले आफ्नो फर्म/कम्पनीको नविकरण भएको प्रमाणपत्र,मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,नियमानुसार करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी सार्वजनिक खरिद अनुगमन कार्यालयको आधिकारिक पोर्टल https://www.bolpatra.gov.np/egp/ मा यस सम्बन्धी राखिएको सूचनामा उल्लेखित शर्तहरु तथा तपसिल बमोजिमको विवरणको अधिनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://www.bolpatra.gov.np/egp/ बाट रीत पुर्याई बोलपत्र फरम भर्न सकिनेछ ।

तपसिल :

| ठे.नं. | ठेक्काको किसिम | उठाउन पाउने दैनिक परिमाण(घन मिटरमा) | बिक्री मूल्य (दर रेट) | न्यूनतम ठेक्का अंक (वार्षिक मु.अ.कर सहित) रु. | विड वण्ड रकम कबोल अंकको | बोलपत्र दर्ता गर्ने अन्तिम दिन |
|---|---|---|---|---|---|---|
| SRNG-SAPT-G-NCB-01-2083/084 | सुरुङ्गा नगरपालिका भित्र पर्ने शिशुवारी,वलान तथा चहका खोलाको बगर क्षेत्रबाट निस्कन सक्ने ढुङ्गा गिट्टी र वालुवाको बिक्री कर | २९८.८३ | २००/प्रति घन मिटर | १८२३४६०६.६ | ५% | सूचनाको २२ औ दिन दिनको १२:०० बजे भित्र पेश गर्ने र २:०० बजे पछि खोल्ने e-Bidding System अनुसार |

**ठेक्का सम्बन्धी शर्तहरु :-**

(१) बोलपत्र फारमका साथ,निर्माण सम्बन्धी काम गर्ने फर्म/कम्पनी नविकरण भएको दर्ता प्रमाण-पत्र र मू.अ.कर दर्ता प्रमाण-पत्रको प्रतिलिपि संलग्न राखी माथि उल्लेखित दिनमा सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को वेवसाईट https://www.bolpatra.gov.np/egp/ बाट बोलपत्र फारम Download गरी नियमानुसार बोलपत्र फारम भर्न सकिनेछ ।

(२) बोलपत्र सम्बन्धी फारम भर्दा मू.अ.कर सहितको कबोल रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्दछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । विडवण्ड रकम (मु.अ.कर सहितको) ५ प्रतिशत यस कार्यालयको एनएमबि बैंकमा संचालनमा रहेको धरौटी खाता नं. १०९००७३५२९०००००४१ मा जम्मा गरी सोको भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी १२० दिन म्याद सहित जारी गरिएको विडबण्ड बोलपत्रका साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।

(३) यस ठेक्काको समयावधि २७० दिनको हुनेछ ।

(४) बोलपत्र दर्ता गर्ने समय सकिए लगत्तै सोही दिन दिनको २:०० बजे सुरुङ्गा नगरपालिकाको खरिद इकाई,राजश्व शाखा,एवं ठेकेदारको प्रतिनिधिहरुको रोहवरमा सुरुङ्गा नगरपालिका,नगर कार्यपालिकाको कार्यालय,मधुपट्टी,सप्तरीमा खोलिनेछ । ठेकेदार वा निजको प्रतिनिधि उपस्थित नभए पनि ठेक्का खोल्न बाधा पर्ने छैन ।

(५) बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोही अनुसार अवगत गर्न वा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

०८३/०४/०६

विकास सुन्दर
प्रमुख प्रशासकीय अधिकृत

(६) म्याद नाघि,रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

(७) बोलपत्र स्वीकृत भई सम्झौताका लागि सूचना प्रकाशन मितिले १५(पन्ध्र) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समत लिई कबोल अंकको सम्झौता पूर्व प्रथम किस्ता बापत ५०(पचास) प्रतिशतले हुने रकम र सो मा नियमानुसार लाग्ने मू.अ.कर समेत नगरपालिकामा अनिवार्य बुझाउनु पर्नेछ । बाँकी ५०(पचास) प्रतिशतले हुने दोस्रो किस्ता रकम तथा सो किस्ताको मू.अ.कर समेतको हकमा नेपाल राष्ट्र बैंकबाट २०८४ असार मसान्त सम्मको म्याद सहितको जारी गरिएको शर्त रहित कार्य सम्पादन जमानत पत्र बैंक ग्यारेनटी राखी २०८४ साल बैशाख १५ भित्र बाँकी सबै रकम बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

(८) ठेक्का सम्झौता भई सकेपछि कुनै कारणवश काबू बाहिरको स्थिती श्रृजना भई नदीजन्य पदार्थ संकलन,बिक्री वितरण हुन नसकेमा नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

(९) ठेक्का सकार गर्दा सबै खोला तथा नाकाहरुको समेत गरि एकमुष्ठ रुपमा सकार गर्नु पर्नेछ ।

(१०) नदी वा खोलामा उत्खनन वा संकलन गर्न हेवी इक्युपमेन्टको प्रयोग गर्न पाईने छैन ।

(११) ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल बिक्री र निजी जग्गा तथा निकासीको हकमा नजिकमा पर्ने खोला,नाला,प्राकृतिक धारा किनारा,धाटपुल,पुलेसा,लोकमार्ग जस्ता सार्वजनिक स्थललाई क्षति नपुग्ने गरी पुलको ५०० मिटर उत्तर र दक्षिण छोडेर मात्र ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल उठाउन पर्नेछ ।

(१२) वन क्षेत्रबाट ढुङ्गा,गिट्टी,वालुवा र ग्राभेल उत्खनन् गर्न पाईने छैन र अन्य व्यवस्था वातावरणीय परिक्षण प्रतिवेदन-२०८२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(१३) बोलपत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रपत्रिकामा सूचना प्रकाशन गरेको वा घरदैलोमा टाँस भएको मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी नियमानुसार अन्यको बोलपत्र स्वीकृत गर्ने वा पून: बोलपत्र आह्वान गर्ने अधिकार कार्यालयमा निहित रहनेछ ।

(१४) नेपाल सरकार,सम्मानित अदालत,जिल्ला अनुगमन समिति तथा नगरपालिकाले समय-समयमा दिएका नीति निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

(१५) ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको श्रृजना भएमा वा कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(१६) नगरपालिकालाई बक्यौता रकम बुझाउन बाँकी भएका व्यक्ति,फर्म वा कम्पनि र सो फर्म वा कम्पनिका व्यक्ति वा प्रतिनिधिहरु संलग्न कुनै पनि फर्म वा कम्पनिलाई बक्यौता रकम नबुझाए सम्म बोलपत्र मूल्याँकनमा समावेश गरिनेछैन ।

(१७) यस सूचनामा उल्लेख भएका कुराहरु यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

(१८) ठेक्काको अन्य शर्तहरु यस कार्यालय मार्फत जानकारी हुने र बोलपत्र फाराम खरिद गर्दा उपलब्ध गराईनेछ ।

(१९) ठेक्का स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ । यस सम्बन्धमा नगरपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

(२०) यस विषयमा थप जानकारी आवश्य परेमा यस कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

(२१) तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम वा विड वण्ड जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।

(२२) यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐनवालुवा ,गिट्टी,ढुङ्गा,२०७४, ,बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,उत्खनन्२०७७सम्बन्ध,ित स्थानिय तहबाट जारी भएका कानूनप्रदेश कानून तथा अन्य प्रचलित , कानून वा मापदण्ड बमोजिम हुनेछ । सथै यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

(२३) उत्खनन्,संकलन तथा बिक्री गरिने साधारण निर्माणमुखी नदीजन्य पदार्थ मौज्दात आर्थिक वर्षको अन्तमा शून्य गर्नुपर्नेछ ।शून्य गर्न नसकेको परिमाण सुरुङ्गा नगरपालिकाको निर्णयानुसार हुनेछ ।

(२४) यस ठेक्काको अवधि २०८४ जेष्ठ मसान्त सम्म हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत